# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ६ गते २०३६ साल

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको

### सूचना

प्राइभेट फर्म रजिष्ट्रेशन (पहिलो संशोधन) नियमावली, २०३७

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ लाई संशोधन गर्न वान्छनीय भएकोले, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "प्राइभेट फर्म रजिष्ट्रेशन (पहिलो संशोधन) नियमावली, २०३७" रहेको छ ।

(२) यो नियमावली मिति २०३७।४।१ देखि प्रारम्भ भएको मानिनेछ ।

२. प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम ४ मा संशोधनः प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (यसपछि मूल नियमावली भनिएको) को नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः

"४. रजिष्ट्रेशन दस्तुरः– देहायबमोजिमको पूंजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्दा देहायबमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछः–

(क) रू. २०,०००।– सम्म पंजी भएको फर्मलाई रू. ६०।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) रू. २०,०००।– भन्दा बढी रू. ५०,०००।– सम्म पूंजी भएको फर्मलाई रू. १२०।–

(ग) रू. ५०,०००।– भन्दा बढी रू. १,००,०००।– सम्म पूंजी भएको फर्मलाई रू. ३००।–

(घ) रू. १,००,०००।–भन्दा बढी रू. ३,००,०००।– सम्म पूंजी भएको फर्मलाई रू. १,१७०।–

(ङ) रू. ३,००,०००।–भन्दा बढी रू. ५,००,०००।–सम्म पूंजी भएको फर्मलाई रू. १,९५०।–

(च) रू. ५,००,०००।–भन्दा बढी रू. १०,००,०००।–सम्म पूंजी भएको फर्मलाई रू. ३,९००।–

(छ) रू. १०,००,०००।– भन्दा बढी रू. ५०,००,०००।– सम्म पूंजी भएको फर्मलाई रू. ५,८५०।–

(ज) रू. ५०,००,०००।– भन्दा बढी जतिसुकै पूंजी भएको फर्मलाई रू. ७,८००।–"

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) उप-नियम (२) बमोजिम नवीकरणको लागि दरखास्त दिने व्यक्तिले देहायको पूंजी भएको प्राइभेट फर्मको निमित्त देहायबमोजिम नवीकरण दस्तूर बुझाउन पर्नेछः–

(क) रू. ५०,०००।– सम्म पूंजी भएको फर्मलाई रू. ३५।–

(ख) रू. ५०,०००।– भन्दा बढी रू. १,००,०००।– सम्म पूंजी भएको फर्मलाई रू. ५०।–

(ग) रू. १,००,०००।– भन्दा बढी रू. ३,००,०००।– सम्म पूंजी भएको फर्मलाई रू. ७०।–

(घ) रू. ३,००,०००।–भन्दा बढी रू. ५,००,०००।–सम्म पूंजी भएको फर्मलाई रू. १००।–

(ङ) रू. ५,००,०००।– भन्दा बढी जतिसुकै पूंजी भएको फर्मलाई रू. १६०।–"

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव

६(५)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।